कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय,
सल्यान

प.सः-२०८१-०८२ (प्रशासन) कार्यालय कोडः- ३०७०१६००१६ च.नः-

## कर्णाली प्रदेश सरकारबाट कार्यान्वयन गरिने विकास आयोजनाको आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्ताव पेस गर्ने सम्बन्धी १० दिने अन्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८१/११/२०)

कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि मिति २०८१/१२/०१ गतेभित्रमा सम्बन्धित जिल्लास्थित कार्यालयमा आयोजना प्रस्ताव पेस गर्न प्रदेश सभा सदस्य ज्यू, सरोकारवाला तथा सल्यान जिल्ला अन्तर्गतका १० वटै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेस गर्दा अन्य स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना र हाल सञ्चालनमा रहेका विकास आयोजनासँग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ मा उल्लिखित विषयक्षेत्रको आधारमा रही, अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव गर्नुपर्नेछ। यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा जानकारीको लागि कर्णाली प्रदेश योजना आयोगको वेवसाइट kppc.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

नोटः- अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा यस कार्यालयको टेलिफोन नं. ०८८-५२००१२ वा udyogsalyan@gmail.com इमेल मार्फत सम्पर्क गर्न सकिनेछ।

2081/11/20

श्यामलाल खराल
कार्यालय प्रमुख